स्थानीय सरकार

तामाकोशी गाउँपालिका

नीति तथा कार्यक्रमः आर्थिक वर्ष २०७८/०७९

उपाध्यक्ष श्री उर्मिला खड्का के.सी.ले गाउँ सभामा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम

**तामाकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**जफे, दोलखा**

**१० असार २०७८**

**श्री सभाध्यक्ष महोदय तथा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

तामाकोशी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभा समक्ष आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। यस घडीमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

कोभिड – १९ को विश्वव्यापी महामारीबाट सिर्जित विषम परिस्थितिका कारण विकास प्रयास अवरुद्ध भई विश्वभर आर्थिक तथा मानवीय संकट उत्पन्न भएको विदितै छ। यस क्रममा यस महामारीका कारण आफ्नो अमुल्य ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रदाञ्जली व्यक्ति गर्दै उपचाररत व्यक्तिहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु। यस विषम परिस्थिति विरुद्ध लड्न मौजुदा स्वास्थ्य उपकरण, स्वास्थ्यकर्मी तथा अन्य सुविधाहरु तथा उलपलब्ध श्रोतसाधणको उच्चतम प्रयोग गरी घरघरमा पुगी स्वास्थ्यकर्मी मार्फत नागरिकको कोभिड परीक्षण, गाउँपालिकाले तोकेको तथा घरमै आइसोलेशनमा बसेका व्यक्तिहरुलाई औषधि वितरण, कोभिड १९ अस्थायी हस्पिटल मार्फत उपचारको व्यवस्था लगायतका कार्यक्रमहरु गतसालमा यस गाउँपालिकाले सम्पन्न गरेको छ। यद्यपि आगामी दिनमा उत्पन्न हुनसक्ने परिस्थितिको जटिललाई मध्येनजर गर्दै कोभिड १९ का अलावा सबै किसिमका विपद्हरुसँग जुध्नका लागि विपद् प्रतिकार्यका लागि थप विशेष कार्यक्रमहरु परिचालन गरिनेछ। देशका विभिन्न स्थान लगायत महामारीको जटिलताका कारण यस गाउँपालिकामा सकेत गरिएको निषेधाज्ञाका कारण दैनिक ज्याला मजदुरीमा जिविकोपार्जन गर्ने वर्ग र उद्यमी व्यवसायी मुख्य मारमा परेका छन्। वैदेशिक रोजगारीबाट धेरै युवा फर्किन बाध्य भएका छन्। यस विषमपूर्ण अवस्था कहिले सम्म भन्ने अन्योलता अझै व्याप्त छ। असहज परिस्थितिले मानव समुदायका आवश्यकता र प्राथमिकतालाई नै बदलिदिएको छ। यस अवस्थामा विकास र सुशासनका प्राथमिकताहरु निर्धारण गर्नु र सामाजिक तथा आर्थिक गतिविधि र सार्वजनिक सेवालाई साविक झैँ पुनर्स्थापित गर्नु जटिल काम हुने देखिन्छ। यसका लागि सर्वप्रथम कोभिड – १९ को विश्वव्यापी संक्रमणका कारण सिर्जित असहज परिस्थितिबाट आफ्नो स्थानीय सेवा प्रवाह, समग्र शासन व्यवस्था र विकास निर्माणमा परेको नकारात्मक असरको लेखाजोखा गर्नुपर्ने हुन्छ। यस प्रकार गरिएको असरको अनुमान र आगामी वर्षको लागि आवश्यकता र प्राथमिकता पहिचान गरी कोभिड – १९ संवेदनशील योजना सहितको नीति तथा कार्यक्रमको तर्जुमा गर्न सकेमा मात्र स्थानीय सरकारको प्रभावकारीता बढ्न जाने हुन्छ।

**सभाध्यक्ष महोदय,**

अब म यस तामाकोशी गाउँपालिकाको आगामी वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

संघीयताको सन्निकटाको सिद्धान्तलाई आधारसिला मानी कोभिड १९ बाट सिर्जित अवस्थालाई मध्येनजर गर्दै "**तामाकोशी गाउँपालिकाको समृद्धीको आधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, जलश्रोत तथा पूर्वाधार**" को अभियानलाई आत्मसात गर्दै यस वर्षको नीति तथा कार्यक्रम अगाडि बढाइनेछ। "नागरिक सन्तुष्टि एवं सुख अभिवृद्धि" को अभिप्रायका साथ कोभिड संवेदनशील (Covid Responsive) क्रियाकलापमा आधारित चुस्त र दुरुस्त प्रशासनिक कार्यविधि अवलम्बन गरिनेछ। आगामी आर्थिक वर्षलाई "समृद्ध, आधुनिक, शान्त एवम् स्वस्थ न्यायपूर्ण गाउँपालिका" निर्माणको आधार वर्षको रुपमा लिइनेछ।

यसैबीच आगामी आर्थिक वर्षलाई दीगो विकास लक्ष्य, १५ औँ योजना तथा बागमती प्रदेशको प्रथम आवधिक योजनालाई हाँसिल गर्नका लागि कार्यान्वयको आधार वर्षको रुपमा समेत मानिनेछ।

**सभाध्यक्ष महोदय,**

**अव म स्वास्थ्य, सरसफाई तथा पिउने पानी सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

१. कोभिड १९ को पहिचान तथा उपचारलाई थप व्यस्थित र प्रभावकारी बनाउन मालुस्थित कोभिड अस्थायी अस्पताललाई स्रोत साधनयुक्त बनाइनेछ। X-ray, Lab तथा भिडियो एक्सरे सेवा सोहि अस्पतालबाट उपलब्ध गराइनेछ।

२. स्वास्थ्य सेवामा सबैको पहूँच पुर्‍याउने लक्ष्य सहित सबै नागरिकको स्वास्थ्य बीमामा पहूँच सुनिश्चित गरिनेछ। ज्येष्ठ नागरिक, एकल महिला, दलित तथा अल्पसंख्यक समूदायलाई पारिवारिक स्वास्थ्य बीमा गराउन विषेश प्रोत्साहन उपलब्ध गराइनेछ।

३. हरेक स्वास्थ्य चौकीमा दक्ष जनशक्ति सहित ल्याब सञ्चालन गर्ने नीति अनुरुप आगामी वर्षमा पालिका भित्र थप ३ स्थानमा ल्याब सञ्चालनमा ल्याइनेछ।

४. पालिकाका सबै जनतालाई सर्वसुलबभ एम्बुलेन्स सेवा उपलब्ध गराउन थप एम्बुलेन्सको व्यवस्थापन गरिनेछ।

५. वडास्तरीय सेवाकेन्द्र मार्फत नै ४० वर्षमाथिका नागरिकको रक्तचाप, र मधुमेहका साथसाथै आल्बुमिन जाँच गर्ने तथा बालबालिकाहरुको खोप सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकामा भ्याक्सिन स्टोरेज तथा वितरण कक्ष स्थापना गरी गाउँपालिकाअन्तर्गत पूर्णखोप सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

६. पूर्ण स्तनपान र थप तथा पुरक खानाको वर्तमान अवस्थामा तीव्र प्रगति हाँसिलको लागि आमा समूह तथा सुनौला १००० दिनका घरपरिवारहरुका लागि जागरणमूलक कार्यक्रम सञ्चालन गरी ०-२३ महिनाका बालबालिकाहरुको वृद्धि अनुगमन दरमा थप प्रगति हाँसिलको लागि प्रोत्साहनमूल कार्यक्रम सञ्चालन गरिनेछ।

७. आँखा, नाक, कान, घाँटी तथा मुखको उपचार (ENT) सेवालाई क्रमशः विकास र विस्तार गरी गाउँपालिकाका ज्येष्ठ नागरिक तथा विकलाँङ्गहरुको स्वास्थ्य जाँच गरी उपचार सेवा प्रदान गर्ने कार्यलाई विशेषज्ञ सहितको घुम्ती सेवामार्फत थप प्रभावकारी बनाउँदै लगिनेछ।

८. उपर्युक्त स्थानको छनोट गरी नागरिक आरोग्य केन्द्र स्थापना गर्ने कार्यलाई निरन्तरता दिँदै लगिनेछ।

९. शिक्षा क्षेत्रसँग स्वास्थ्य सेवालाई आबद्ध गर्ने हेतुका साथ अगाडि बढाइएको एक विद्यालय एक नर्स कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै लैजानका लागि प्रदेश सरकारको कार्यक्रममा थप विस्तार गर्नका लागि प्रदेश सरकारसँग विशेष पहल गरिनेछ । विद्यालय मार्फत वालबालिका हेरचाह र स्वास्थ्य तथा आहार सम्बन्धी आधारभूत तालिम दिईनेछ।

१०. महिलाहरुमा देखिने पाठेघरको क्यान्सर, आङ खस्ने तथा स्तन क्यान्सर समस्यालाई न्युनीकरण गर्न विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। बालबालिकाहरुको स्वास्थ्य समस्या समाधान गर्ने आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

११. जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने सूर्तीजन्य पदार्थ, मदिरा तथा अखाद्य वस्तुहरुको मिसावट र प्रयोगलाई नियन्त्रण र नियमन गरिनेछ।

१२. सुरक्षित मातृत्वका लागि ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमलाई क्रमशः व्यवस्थित गर्दै लगिनेछ। यसका लागि यस आर्थिक वर्षमा एउटा मेशिन थप खरिद गरिनेछ। प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याई आगामी २ वर्ष भित्र पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१३. गम्भीर प्रकृतिको रोगको उपचारमा सहयोग पुर्याउन नागरिक स्वास्थ्य उपचार सहायता कोष मार्फत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ। गाउँमा बसोबास गर्ने नागरिकका लागि अनिवार्य स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिनेछ।

१४. प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न सञ्चालित गाउँघर क्लिनिकलाई निरन्तरता दिई थप व्यवस्थित गर्दै आवश्यकता अनुसार उक्त गाउँघर क्लिनिकलाई सामुदायिक स्वास्थ्य ईकाइमा क्रमशः परिणत गरिनेछ।

१५. सुत्केरी पश्चात हुने अवान्छित संक्रमण रोक्न ३ र ७ दिनमा स्वास्थ्य जाँच गर्न घरघरमै नर्सिङ स्वास्थ्यकर्मी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६. हरेक स्वास्थ्य चौकीहरुमा सुत्केरी गराउन आउने हेरालुको लागी Waiting house (खाना, वस्न समेतको व्यवस्था) स्थापना गरिदैँ लगिनेछ । सुत्केरी गराउन खटिने स्वास्थ्यकर्मीले अन्यत्र रिफर गरेको खण्डमा काठमाडौँसम्म लैजाने क्रममा लाग्ने खर्चको एकतर्फी यातायात खर्च व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१७. यस तामाकोशी गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणाका लागी आवश्यक कार्यक्रम अगाडि बढाइनेछ ।

१८. महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई खाजा तथा यातायात खर्चको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. स्वास्थ्य चौकीहरुबाट सञ्चालन भईरहेको सेवाहरुबारे सामाजिक परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. कोभिड – १९ लगायत विभिन्न महामारी रोगहरुको रोकथाम नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला पक्षहरुसँग अन्तरक्रिया गरी आवश्यकताअनुसार Rapid Resposse Team परिचालन गरिनेछ ।

२१. विभिन्न सरुवा रोग, असाध्य रोग तथा मानसिक रोग नियन्त्रणका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

२२. कोभिड – १९ जस्ता महामारीजन्य प्रकोपको न्यूनीकरणका लागि एक कोषको व्यवस्था गरिनेछ ।

२३. परम्परागत पानी, पोखरी, ढुँगेधारा र मूलको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरी भौगालिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ ।

२४. मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरी वातावरणीय स्वस्थता कायम गर्ने अभियानको प्रारम्भ गरिनेछ ।

२५. नकुहिने फोहोरको दिगो व्यवस्थापनका लागि उपयुक्त स्थल पहिचान गर्न सम्भाव्यता अध्ययन गरिनेछ । गाउँपालिकालाई प्लाष्टिक मुक्त बनाउन अभियान सञ्चालन गरिनेछ ।

२६. पिउने पानीका स्रोतहरुको पहिचान, पुराना धारा एवं ट्याङकीहरुको मर्मत सम्भार गरी पिउने पानीको उचित व्यवस्था गर्न एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ । हरेक वडाको खानेपानी योजनामा दक्ष प्लम्बरको व्यवस्थाको लागी तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२७. पिउने पानीको दिगो स्रोत उपलब्ध नभएका स्थानहरुमा वैकल्पिक स्रोतको पहिचान गरिनेछ । शुद्ध पिउने पानी हरेक व्यक्तिको अधिकारको रुपमा मनन् गर्दै पानी शुद्धिकरणका प्रविधि तथा तरिकाहरु प्रचारप्रसार गरी स्वच्छ पानी सुनिश्चितताका लागि फिल्टर प्रयोगलाई प्रवद्धन गर्न जनस्तरमा चेतना अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८. गाउँपालिकालाई पूर्ण सरफाईयुक्त गाउँपालिका बनाउनका लागि हरेक वडामा मेरो घर सफा घर, हाम्रो विद्यालय सफा विद्यालय अभियान सञ्चालनमा ल्याइनेछ । “हाम्रो स्वास्थ्य हाम्रो सरोकार” अभियान सञ्चालनमा ल्याई स्वास्थ्य सम्बन्धी जनचेतनात्मक कार्य अगाडि बढाइनेछ ।

**सभाध्यक्ष महोदय,**
**यस क्रममा म कृषि, सिँचाई तथा पशु विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२९. कृषि तथा पशुपंछीको उत्पादन तथा उत्पादकत्व वृद्धी गर्नाका निमित्त एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३०. पकेट क्षेत्रमा कृषि तथा पशुपंछी विमा, सिविर तथा प्रति के.जी उत्पादनमा अनुदान दिइने कार्यक्रम लागु गरिनेछ ।

३१. संघीय सरकारको नीतिअन्तर्गत १ गाउँ १ कृषि तथा पशु प्राविधिक निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३२. गाउँपालिका तथा अन्य निकायवाट प्रदान गरिने सेवा सुबिधाहरु जस्तै अनुदान, तालिम तथा वजारिकरणको व्यवस्थालाई कृषक समूह मार्फत सञ्चालन गर्नका निमित्त कृषि तथा पशुपालन समूह परिचालन गर्न विषेश कार्यक्रम ल्याईनेछ। साथै कृषि तथा पशुपंछी तथ्याङ्क संकलन तथा प्रविष्टिकरण कार्यलाई अभियानको रुपमा अगाडी वढाइनेछ ।

३३. प्राविधिकको कमी, साथै समयमै कृषक, कृषि समूह, कृषि फर्महरूलाई कृषि व्यवसाय सम्बन्धी सीप तथा तालिम प्रदान गराउने लक्षका साथ गाउँपालिका र श्री गोल्मेश्वर प्राविधिक शिक्षालय तामाकोशी ०४, मालु सँग समन्वय गरी १ वडा १ कृषि स्वयम्सेवक परिचालन गरिनेछ ।

३४. रासायनिक विषाधीको प्रयोगलाई न्युनिकरण गरि प्राङ्गारिक खेती प्रवर्धन कार्यक्रम सुचारू गरी अगाडि वढाईनेछ।

३५. किवी खेतीको सम्भाव्यता र कृषकहरूको त्यसप्रतीको चाहानालाई ध्यानमा राखी किवीको उत्पादन तथा व्यवसायीकरण गर्ने लक्षका साथ किवी पकेट कार्यक्रम सुचारू गरिनेछ ।

३६. "एक घर एक करेसावारी, बाह्रै महिना हरियो तरकारी" अभियान सञ्चालन गरिनेछ ।

३७. मौसमी तथा वेमैसमी फुल खेती तथा प्रवर्धनका लागी पुष्प व्यवसाय प्रवर्धन कार्यक्रम सुचारू गरिनेछ।

३८. कृषि क्षेत्रतर्फ आम नागरिकको आकर्षण बढाउन तथा उत्पादकत्व बृद्धि गर्न भूमि वैँकको अवधारणा कार्यान्वयन गरिनेछ।

३९. सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरधुरीहरुलाई समूह तथा सहकारीमा आबद्ध गराई एकीकृत कृषि खेती, करार खेत प्रणालीमा तर्फ प्रोत्साहन गरी खाद्य उपलब्धता बृद्धि गरिनेछ। साथै, पर्यटनीय तथा वातावरणमैत्री कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ।

४०. दुध, तथा मासुको उपलब्धता बढाउन नश्ल सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ। साथै, पशुपंछीको उत्पादकत्वलाई मध्यनजर गर्दै कृतिम गर्वधान सम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ।

४१. मत्स्यपालन व्यवसायको विकास गरि भुरा खरिद तथा वितरण, दाना तथा रोग किरा व्यवस्थापन कार्यलाई अगाडि वढाईनेछ।

४२. बाह्रै महिना सिँचाइ सेवा उपलब्ध हुन नसक्ने क्षेत्रमा Water Lifting पद्धती तथा आकाशे पानीको संकलन गरी पोखरी तथा जलाशयमा भण्डारण गरी थोपा, फोहोरा जस्ता प्रविधि संचालनमा ल्याइनेछ।

४३. अनदी धान, मार्सी धान, मन्सरी धान, कोदो, जौ, कागुनो तथा फापर जस्ता स्थानीय पोषिलो रैथाने बालीको उत्पादनमा प्रोत्साहन गरिनेछ। साथै, यस्ता विउ विजनको संरक्षणका निमित्त विउ वैङ्कको स्थापना गरिनेछ ।

४४. कोभिड १९ को जोखिमका कारण वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई व्यावसायिक कृषि तथा पशुपालनसम्बन्धी आधारभूत ज्ञान र सीप अभिबृद्धि गराउन तालिम तथा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. माटो परीक्षण गरी Soil Health कार्ड वितरण कार्यलाई निरन्तरता दिई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुल खेती गर्न एवं उचित मात्रामा मल, बिउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ साथै कृषि चुन वितरण कार्यलाई निरन्तरता दिइनेछ।

४६. कृषि उपजको सम्भावना भएका गाउँपालिकाका आवश्यक क्षेत्रहरुमा कृषि उपज संकलन केन्द्र, हाट वजार तथा शीत भण्डारण स्थलहरु क्रमागत रुपमा स्थापना गर्दै लगिनेछ। उत्पादन भएका कृषि उपजहरुको विक्रि वितरण, व्यवसायिकरण तथा बजारिकरण सुनिश्चितता मार्फत उत्पादन तथा आम्दानी बृद्धि गर्न सहयोग पुर्याइनेछ । साथै यस्ता केन्द्रवाट अनुदानमा उपलब्ध हुने रासायनिक मल कृषकहरूलाई सहुलियत दरमा प्रदान गरिने व्यवस्था गरिनेछ।

४७. कृषि एवं पशु विकास कार्यका लागि कृषकहरुलाई उत्पादन विक्रि परिमाणको आधारमा कृषि उत्पादन प्रोत्साहन तथा सहुलियत ऋण कोष मार्फत प्रोत्साहन तथा सहुलियत ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिई व्यवसायिक कृषकको उत्पादनमा जोड दिइनेछ।

४८. कृषि एवं पशु विकासको क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणका लागि आवश्यक सामाग्री तथा प्राविधिकको व्यवस्था गरिनेछ। साथै, यस कार्यलाई सहजिकरण गर्न संघीय एवम् प्रदेश सरकारसँग पहल गरिनेछ।

४९. तरकारी, मसलाबाली, फलफूल, जडिबुटि, डालेघाँस एवं पोषिला हिउँदे, बर्षे तथा बहुवर्षे घाँसका वीऊ एवं विरुवाको सुलभ मूल्यमा वितरणको व्यवस्था गरी पकेट क्षेत्रका रूपमा स्थापना गरिनेछ। साथै, प्रविधियुक्त हाइटेक नर्सरी स्थापनाका लागि प्रोत्साहन गरिनेछ।

५०. विद्यमान जुनोटिक रोग, फौजी किरा प्रकोप जस्ता रोगको बारेमा जनचेतना कार्यक्रमलाई प्रभावकारी बनाई रोग नियन्त्रण कार्यमा निरन्तरता दिईनेछ।

५१. कृषक वाली तथा पशु विमालाई प्रभावकारी बनाउँदै कृषकलाई खाद्य श्रृखलामा आवद्ध गराई कृषि एवं पशु उपज निर्यात गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५२. उत्पादन र बजारको सम्भाव्यताको आधारमा क्षेत्र पहिचान गरी गाई, भैँसी, बाख्रा र बंगुर पकेट क्षेत्र कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ। स्थानीय बाख्रामा नश्ल सुधार गरी मासुजन्य पदार्थमा वृद्धि गर्न उन्नत जातका वोयर बोका खरिद गरी बाख्रापालक कृषकहरुलाई वितरण गरिनेछ ।

५३. एग्रो फरेस्ट्रीको अवधारणाअनुसार सामुदायिक वनसँग समन्वय गरी सामुदायिक वनभित्र डालेघाँस भूइँघास र फलफुलका विरुवाको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनेछ। त्यस्तै, भु-क्षय नियन्त्रण गर्न सडक किनारामा अम्रिसो रोपण कार्यक्रम सञ्चालन गरिनेछ।

५४. लोपोन्मुख अवस्थामा रहेका भेडा पालन व्यवसायलाई संरक्षण गरि ऊन र मासु उत्पादनमा वृद्धि गर्न भेडा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

५५. गाउँपालिका भित्र रहेका पशुपंक्षीहरु स्वस्थ राखी आयआर्जन बृद्धि गर्न सम्पूर्ण पशुपंक्षीपालक कृषकहरुका पशुपंक्षीहरुलाई रोग निदान गरी पशु उपचार / पशु स्वास्थ्य शिविर / रेविज रोग नियन्त्रण शिविर मार्फत उपचार तथा खोप सेवा संचालन गरिने छ ।

५६. व्यवसायिक पशुपालक कृषकहरुलाई दुधमा प्रति लि. उत्पादनमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइने छ।

५७. बाँदर नियन्त्रणको लागि हरसम्भव प्रयत्न गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म शिक्षा सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

५८. "**तामाकोसीको इच्छा सूचना प्रविधीमैत्री गुणस्तरीय विद्यालय शिक्षा**" भन्ने नारालाई मुर्तरुप दिन तामाकोसी गाउँपालिकामा डिजिटल डिभाइड अन्त्य गर्न सूचना प्रविधिमैत्री विद्यालय स्थापना आयोजना यसै वर्ष भित्र सम्पन्न गरि गाउँपालिकाभित्र संचालित विद्यालयलाई उच्च गतिको इन्टरनेटको पहुँचमा पुऱ्याइनेछ ।

५९. कोभिड १९ को कारणले पुऱ्याएको शैक्षिक क्षतिलाई न्यूनिकरण गर्दै विद्यार्थीहरुको गुणस्तरिय शिक्षामा पहुँच सुनिश्चित गर्न विशेष शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६०. पेपर पेन्सिल टेस्टमा आधारित परीक्षण पद्धतिलाई समयानुकूल परिमार्जन गरी सिकाई उपलब्धि दर र प्राप्त परिणाममा सुधार गरिनेछ । माध्यमिक तथा आधारभूत तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थी सम्मान कार्यलाई निरन्तरता दिइनेछ ।

६१. गाउँपालिका भित्रका सबै विद्यालयहरुमा क्रमश विद्युतीय हाजिरी जडान कार्यलाई निरन्तरता दिँदै माध्यमिक विद्यालयमा सि।सी।टिभी क्यामेराको जडान कार्य यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ ।

६२. न्यून आर्थिक अवस्था भएका गरिव तथा जेहेनदार विद्यार्थीहरुलाई दिदैं आएको विद्यालय पोषाकको सुविधालाई निरन्तरता दिइनेछ ,साथै जीवनोपयोगी तथा व्यवहारिक शिक्षामा जोड दिदै उत्कृष्ट जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई छात्रवृति कोष मार्फत प्राविधिक शिक्षामा पहुँच पुर्याउन छात्रवृति वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

६३. गाउँपालिका भित्र संचालित माध्यमिक विद्यालयलाई स्रोत साधनयुक्त विद्यालयको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै हरित विद्यालय निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

६४. प्रारम्भिक वालकक्षामा निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाईलाई ध्यान दिई खेल सामग्री, सिकाई सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित आकर्षक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्न आवश्यक पुर्वाधार विकासमा जोड दिइनेछ।

६५. गाउँपालिका भित्र संचालित सामुदायिक सिकाई केन्द्रलाई भौतिक पूर्वाधार सम्पन्न गराई साक्षरता शिक्षा, निरन्तर शिक्षा अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

६६. अन्तराष्ट्रिय भाषाको रुममा रहेका अंग्रेजी भाषाको ज्ञान अभिवृद्धि गर्न हरेक विद्यालयमा मौजुदा जनशक्तिलाई तालिमको माध्यमबाट ज्ञान सिपको अभिवृद्धि गराई शैक्षिक गुणस्तर बृद्धि गर्न तालिम कार्यक्रम संचालन गरिनेछ।

६७. आवश्यकताका आाधारमा शिक्षकको दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाइनेछ। उपयुक्त मापदण्ड तय गरी विद्यालय गाभ्ने एवं कक्षा थपघट गरिनेछ।

६८. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्दै निजहरुको वृत्ति विकासलाई विद्यालयको विषयगत नतिजासँग आवद्ध गरिनेछ। शिक्षण सिकाई क्रियाकलापलाई थप प्रभावकारी गराउन श्रव्य दृश्य प्रणालीबाट योजनाबद्ध शिक्षण क्रियाकलाप सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६९. गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरी वेबसाइट तथा नतिजा व्यवस्थापन प्रणाली लागु गरिनेछ।

७०. विद्यालयहरुलाई मर्यादित, अनुशाशित एवं व्यवस्थित बनाइ शैक्षिक विकासमा सघाउन गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिहरुलाई थप जिम्मेवार बनाइनेछ। शिक्षक विद्यार्थी अभिभावक सम्बन्ध सुमधुर बनाउन आवश्यक व्यवस्था गरिनेछ।

७१. गाउँपालिका सरहद भित्र रहेका विद्यालयहरुबीच विज्ञान ,कला र सांस्कृतिक विकास र संरक्षण गर्न शैक्षिक प्रर्दशनी कार्यक्रम संचालन गरिनेछ , साथै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तहगत रुपमा अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिता संचालन गरिनेछ।

७२. शिक्षकहरुलाई तहगत तथा विषयगत रुपमा छोटो तथा लामो अवधिको तालिमको आयोजना गरी थप ज्ञान, सिपको विकास गराई सिकाई सहजीकरण प्रक्रियालाई सरलीकरण गर्दै लगिनेछ। साथै प्रधानाध्यापक र शिक्षकहरुलाई विद्यालयप्रति जिम्मेवार बनाई शैक्षिक विकासमा क्रियाशिल बनाउन प्रोत्साहन तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको नेतृत्व क्षमता विकासको तालिमद्वारा सशक्त बनाई प्रशासनिक र व्यवस्थापकिय क्षमता अभिवृद्धि गरिनेछ।

७३. खेलकुदको माध्यमबाट सक्षम र अनुशासित नागरिक उत्पादनमा सहयोग पुरयाई खेल क्षेत्रको विकासमा सहयोग गर्न गाउँपालिका स्तरीय रनिङ शिल्ड प्रतियोगिता, विद्यालय स्तरीय खेलकुद इकाई व्यवस्थापन तथा खेलकुद प्रतियोगिता संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

७४. विषयगत शिक्षक व्यवस्था गरी गुणस्तरीय शिक्षाको प्रत्याभुती गर्न संचालित विद्यालय अनुदान कार्यक्रमलाई निरन्तरता दिदै रिक्त शिक्षक पदमा शिक्षक पदपुर्ति गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।

७५. गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा प्रणालीलाई सफ्टवेयर मार्फत व्यवस्थित गर्न आवश्यक व्यवस्था गरिनेछ साथै विद्यालयको जिन्सी सामग्री व्यवस्थापन र शिक्षकहरुको विवरण अद्यावधिक रुपमा राख्न सूचना प्रविधि प्रणाली अवलम्वन गरिनेछ।

७६. विश्व स्काउटको सिद्धान्त, मूल्य र मान्यताका साथै नेपाल स्काउटको ऐन,नियम तथा राष्ट्रिय प्रधान कार्यालयका नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि समन्वय गरिनेछ।

७७. वालविकास, विद्यालय कर्मचारी तथा सहयोगीको नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक उपलब्ध गराउन बजेट विनियोजन गरिनेछ।

७८. स्वस्थ, सकरात्मक सोचयुक्त,उद्यमशील,सिर्जनशील,अधिकारप्रति सचेत र कर्तव्यप्रति प्रतिबद्ध युवा शक्तिको विकास र परिचालन गर्ने कार्यक्रम संचालन गरी भाषा ,कला तथा साहित्य क्षेत्रको विकासमा जोड दिदै प्रतिभाहरुको खोजी कार्यक्रम संचालन गरिनेछ ।

७९. विद्यालयहरुको वृहत्तर विकासको साथै कार्यक्रम कार्यान्वयनको प्रक्रियालाई प्रभावकारी ढङ्गले अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

८०. सबैका लागि शिक्षाको मूल मर्म अनुरुप आर्थिक विपन्नताका कारण शैक्षिक अवसरबाट बन्चित वालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चता गर्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ।

८१. यसै शैक्षिक सत्रदेखि स्थानीय पाठ्यक्रमको पठनपाठन कार्यलाई अगाडि बढाइनेछ, साथै पाठ्यपुस्तक छपाई गर्न आवश्यक व्यवस्था गरिनेछ।

८२. अन्तर विद्यालय शैक्षिक अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।

८३. विद्यालय हाताभित्र Junk Food को प्रयोगलाई निरुत्साहित गर्दै दिवा खाजामा पोषिलो खानालाई प्रवर्धन गरिनेछ । किशोरीहरुमा हुने रक्तअल्पता न्यूनिकरण गर्नका लागि iron, folic acid तथा जुकाको औषधि वितरण र महिनावारी स्वच्छता तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सडक यातायात तथा पुर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

८४. गाउँपालिकाको **Lifeline** को रुपमा रहेको जफे– मालु– हाँवा जिरी सडक र भिरकोट– झुले– छौँडे–खावा सडकलाई स्तरोन्नती गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ । एक वडा एक विशेष महत्वको सडकलाई निरन्तरता दिइनेछ ।

८५. मुख्य चाडबाडलाई मध्यनजर गर्दै वर्षायाम सकिनासाथ सडक सरसफाई यान्त्रिक उपकरणको प्रयोग गरि हुँदै आएकोमा सो कार्यलाई श्रममा आधारित स्वरोजगारमूलक विधिमार्फत सञ्चालनमा ल्याइनेछ ।

८६. गाउँपालिका भित्रको यातायातलाई वाहै महिना सञ्चालन गर्न सडकको स्तरोन्नति गरिनेछ । विभिन्न प्राकृतिक कारणले अवरुद्ध सडक सुचारु गर्न "आकस्मिक मर्मत सम्भार तथा व्यवस्थापन कोष" बाट खर्च गर्न सकिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

८७. ग्रामीण सडकको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि उपयुक्त प्रविधिको विकास गरी स्तरोन्नति गरिनेछ । पानीको वहावबाट हुने क्षति कम गर्न सडकको दायाँ बायाँ नालीको निर्माणलाई अनिवार्य गरिनेछ ।

८८. गाउँपालिकाका सडकहरुमा सडक श्रृखला (**Road Chainage**) निर्माण गरिनेछ । सडकको जग्गा कित्ता काट गर्ने कार्यको सुरुवात गरिनेछ । सडकको चौडाई, घुम्तिको दुरी **Road** को **Grade** व्यवस्थापनका लागि इन्जिनियरिङ मापदण्ड अनुसार कार्यान्वयनको व्यवस्था मिलाइनेछ । सडकको दायाँ वायाँ गरिने वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।

८९. गाउँपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ ।

९०. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय सञ्चालनका लागि व्यवस्थित र सुविधायुक्त भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र आवश्यक रहेका थप विद्यालय भवन, स्वास्थ्य चौकी, मठ मन्दिर आदिको निर्माण गरिनेछ । ज्येष्ठ नागरिक मिलन केन्द्र थप गर्दै लगिनेछ ।

९१. सहभागितामुलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपुर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ। यसका लागि आवश्यक सममुरक कोष (**Matching Fund**) मा थप बजेटको व्यवस्था गरिनेछ।

९२. गाउँपालिका भित्र भूकम्प प्रतिरोधी घर निर्माणका लागि अनिवार्य गरिनेछ।

९३. गाउँपालिका भित्र आवश्यक स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९४. गाउँपालिका अन्तर्गत प्रत्येक वडामा सम्पन्न भएका योजनाहरु हस्तांतरण गरी गुणस्तर कायम राख्नका लागि मर्मत संभार कोषबाट मर्मतको व्यवस्था गरिनेछ।

९५. गाउँपालिका अन्तर्गत प्रत्येक वडाहरुमा संचालन गरिने योजनाहरु डिजाइन तथा लगत इन्टिमेट अनुसार कार्यान्वयन गर्नका लागि उपभोक्ता समितिहरुलाई उचित तालिमको व्यवस्था गरिनेछ।

९६. प्राविधिक कर्मचारिहरुको सिप विकासको लागि कम्प्युटर तथा सार्वजनिक खरिद ऐन सम्बन्धी तालिमको आवश्यकता महसुस गरी तालिम दिने व्यवस्था गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अव वन, वातावरण तथा भू–संरक्षण सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

९७. गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दिगो उपयोगको नीति अवलम्बन गरिनेछ।

९८. गाउँपालिका क्षेत्रभित्रका वन सम्पदा एवं वन क्षेत्रलाई सामुदायिक वन, कवुलियती वनको रुपमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९९. सडक किनारामा हुनसक्ने भुक्षयलाई रोक्न आर्थिक लाभ समेत प्राप्त गर्न सकिने अम्रिसो लगायतका विरुवाहरु रोप्ने कार्य गर्न समुदायसँग सहकार्य गरिनेछ।

१००. जमिन खाली रहन नदिन उपयुक्त भू–उपयोग नीति अनुरुप जमिन तथा सडक आसपासमा वृक्षारोपणका लागि आवश्यक विरुवाहरु हाइटेक नर्सरीमा उत्पादन गर्ने व्यवस्था मिलाइनेछ।

१०१. पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. उपयुक्त सार्वजनिक स्थलमा वर पिपल रोपी संरक्षण गर्ने व्यक्तिलाई विशेष सम्मान गरिनेछ। पहिरोको जोखिम तथा भुक्षय ग्रस्त क्षेत्रहरुमा बाँस, लगायत अन्य उपयुक्त विरुवा रोप्नु संरक्षण एवं उपयोग कार्यमा निम्न आय भएका व्यक्ति, भूमिहिन किसान तथा अल्पसंख्यकको संलग्नताको सुरुवात गरिनेछ।

१०३. जमिनको प्रकृति अनुकुल हुनेगरी एक घर ५ वृक्ष अनिवार्य गर्दै मेरो घर मेरो बँगैचा मेरो फूलवारी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०४. प्रत्येक वडाहरुमा बाल उद्यान, पिकनिक पार्क, आरोग्य केन्द्र निर्माण कार्य क्रमागत रुपमा गरी यस अघिको कार्यलाई निरन्तरता दिइनेछ।

१०५. हावापानी सुहाउँदो जडिबुटी खेतीका लागि आवश्यक व्यवस्था गरिनेछ। गाउँपालिका भित्र जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी बजार मूल्य र उपयोगिताका आधारमा सुगन्धित तेल उत्पादन गरी उचित विक्रि वितरणको व्यवस्थाका लागि संभाव्यता अध्ययन गरिनेछ।

१०६. खेर जाने वन पैदावरबाट कागज उत्पादन एवं वैकल्पिक ऊर्जाको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ। हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तता दिइनेछ।

१०७. सामुदायिक वन, कवुलियती वन र राष्ट्रिय वनमा फलफुल जन्य विरुवाहरु रोपी वनजंगल हराभरा कार्यक्रमको थालनी गरिनेछ।

१०८. सामुदायिक वन तथा कवुलियत वनसँग सहकार्य गरी सल्लोजन्य रुखहरु विस्थापन गरी डाले घाँस तथा उपयुक्त किसिमका विरुवा रोप्ने कार्यको प्रारम्भ गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अव म आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

१०९. उपलब्ध स्रोत साधनको महत्तम रुपमा परिचालन गरी दिगो आर्थिक विकास तर्फ अग्रसर रहने कार्यको शुरुवात गरिनेछ।

११०. आर्थिक विकासद्धारा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने कार्यको थालनी गरिनेछ।

१११. समाजका हरेक पक्षको आर्थिक सामाजिक रुपान्तरणका लागि अपेक्षित उपलब्धि हासिल गर्न उपलब्ध स्रोत साधनको समुचित उपयोगको नीति अवलम्बन गर्दै स्थानीय स्तरमा खेर गईरहेको श्रमलाई उत्पादनमा जोड्ने एवं हाते सिपमुलक लघु उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११२. व्यवसायिक क्षेत्रमा लाग्न चाहने युवाहरुलाई आधारभुत तालिम, यन्त्र, उपकरण सहयोग तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ।

११३. पूर्ण रोजगारको अवस्थामा नरहेका यूवाहरुलाई उद्यमशील बन्न स्वरोजगारमुखी सीप र उपयुक्त प्रस्तावपत्रको आधारमा वीऊ पूँजीको स्थापना गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ।

११४. गाउँपालिका भित्र उत्पादनमुलक व्यवसाय सञ्चालन गरी उद्यमशीलता विकास गर्न प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

११५. स्थापित र सञ्चालित कृषि उपज केन्द्रहरुलाई विक्रि केन्द्रको रुपमा विकसित गरिनेछ।

११६. गाउँपालिका स्तरमा एक औद्योगिक क्षेत्र स्थापनाका लागि उपयुक्त स्थल पहिचान गरी आवश्यक तयारी अगाडि बढाइनेछ।

**सभाध्यक्ष महोदय,**

**अव म कला, साहित्य, संस्कृति तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

११७. स्थानीय समुदायहरुद्धारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य सामाग्रीको बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाईनेछ।

११८. पर्यटनलाई गरीबी निवारणसँग आबद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

११९. पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालन गर्न विविध क्रियाकलाप र गतिविधि अपनाइने छ।

१२०. ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि स्थानीय जनसहभागितामा आधारित कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१२१. स्थानीय संस्कृति र कलाको विकास गरी स्थानीय सिर्जनशीलतालाई प्रोत्साहन गर्न "एक क्षेत्र एक पहिचान" कार्यक्रम अगाडि बढाई कार्यान्वयनमा ल्याइनेछ।

१२२. गाउँपालिका भित्रको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै जातिय तथा धार्मिक सम्प्रदायका बीच सहिष्णुताको थप प्रवर्द्धन गर्न सामाजिक – साँस्कृतिक बहुलवादको नीति अवलम्बन गरिनेछ।

१२३. नेपाली भाषा, साहित्य, कला, स्थानीय भाषा एवं संस्कृतिको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१२४. गाउँपालिका सरहदभित्र रहेका देउरालीहरु, पोखरीहरु, ऐतिहासिक गढी, मठमन्दिर, घाटहरु, चर्च, गुम्बा जस्ता साँस्कृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ । सल्लेपोखरीस्थित ऐतिहासिक गढी रहेको स्थानमा समेत पर्यटन प्रवर्द्धन हुने गरी सो आसपासको क्षेत्रमा पार्क निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

१२५. हरेक वडामा रहेका साँस्कृतिक सम्पदाको पहिचान गरी तिनीहरुलाई सांस्कृतिक–पर्या–पर्यटन क्षेत्र (Eco-Cultural Tourism Hub) को रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२६. र्‍याफटिङ, प्याराग्लाइडिङ, पदमार्ग, रक क्लाइमिङ जस्ता पर्यटनसँग सम्बन्धित कार्यका लागि पूर्वाधार विकास गर्न तालिमको आवश्यक व्यवस्था गरिनेछ तथा निजी क्षेत्रलाई सहकार्य गर्न प्रोत्साहन गरिनेछ । तामाकोशी गाउँपालिकाको प्राकृतिक कौमार्यता एवं सौन्दर्यता (Natural Virginity and Beautiness) लाई पर्यटन प्रवर्द्धनसँग जोड्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२७. स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि निर्मित जातिय संग्रहालयहरुलाई सञ्चालनमा ल्याई अन्य निर्माण कार्यलाई निरन्तरता दिइनेछ । आदिवासी जनजाति एवं अल्पसंख्यक समूदायको बाहुल्यता रहेको क्षेत्रमा होम स्टे सञ्चालनका लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

१२८. सितापाइला–देउराली–घोरेनागी, हल्लिने ढुङ्गा क्षेत्रलाई रामायण सर्किट अन्तर्गत पर्ने जनकपुर–हनुमन्ते – गौरिशंकर हिमालसँग गाँसी पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म यूवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१२९. कोभिड – १९ का कारण वैदेशिक रोजगारीबाट फर्कन बाध्य युवालाई केन्द्रित गरी वैदेशिक रोजगारीबाट आर्जन भएका ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवलाई उपयोग गर्ने क्षेत्र पहिचान गरी कार्यक्रम अगाडि बढाइनेछ ।

१३०. पुस्तौदेखि अङ्गिकार गरिएका परम्परागत पेसा जगेर्ना र प्रवर्द्धन गरी क्रमशः व्यवसायीकरण गर्ने कार्यमा युवा शक्ति परिचालन गरिनेछ ।

१३१. युवा लक्षित व्यवसायलाई प्रवर्द्धन गर्न सहकारीको माध्यमबाट सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ ।

१३२. युवा क्लबलाई प्रोत्साहन गरी सामाजिक तथा आर्थिक विकास एवम् कार्यमा युवाशक्तिलाई परिचालन गरिनेछ ।

१३३. स्थानीय प्रतिभाशाली खेलाडीहरुलाई प्रोत्साहन गर्न प्रशिक्षण तथा विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।

१३४. समाजमा विद्यमान सामाजिक भेदभाव तथा अमानवीय क्रियाकलापको अन्त्यका लागि युवा परिचालन गर्न स्थानीय संस्था,गैरसरकारी संस्थासँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३५. युवाहरुमाझ अनुशासित, मर्यादित, मुलुकप्रति सकारात्मक सोच र सुनौलो भविष्यको योजना सहितको भावना जागृत गराउन जीवन वृत्ति परामर्श केन्द्र (Career Counselling Center) स्थापना गरिनेछ ।

१३६. लागु औषध, दुर्व्यसनिमा लागेका युवाहरुलाई सो दुर्व्यसनीबाट छुटाउन मनोपरामर्श समेतको व्यवस्था गरी आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

१३७. युवाहरुमा उद्यमशिलता विकास, नेतृत्व विकास एवं समाजप्रतिको उत्तरदायित्ववोध गराउन तालिम, अभिमुखिकरण कार्यक्रमको सञ्चालन गरिनेछ ।

१३८. युवाहरुको समूह, अध्येता वा विशेष अध्ययन अनुसन्धान केन्द्रहरुलाई सिपमुलक कार्यक्रम तथा स्थानीय रोजगारको प्रवर्द्धन गर्दै लघु उद्यम शुरु गर्न प्रोत्साहन, अनुदान एवं सहुलियत ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३९. वडा नं. ५, शहरेको भञ्ज्याङमा निर्मित खेलमैदानलाई विस्तृत परियोजना प्रतिवेदनले औल्याए बमोजिम पूर्वाधार सम्पन्न रंगशालाको रुपमा विकास गर्दै लगिनेछ।
१४०. निर्माणाधीन खेलमैदानहरुलाई व्यवस्थित गर्दै लगिनेछ।

**सभाध्यक्ष महोदय,**

**अव सूचना प्रविधि, सञ्चार तथा सुशासन, सार्वजनिक सेवा प्रवाह एवं संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

१४१. नेपाल सरकारले अघि सारेको स्थानीय तहका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा तीव्र गतिको इन्टरनेट सेवा विस्तार कार्यक्रम गाउँपालिका मार्फत पूर्णरुपमा कार्यान्वयन गर्न आवश्यक थप बजेटको व्यवस्था गरिनेछ। ।। ।
१४२. गाउँपालिकाको सबै वडाहरुलाई इन्ट्रानेट (Intranet) मार्फत जोडी साधनस्रोत आदानप्रदान, सेवा प्रवाह र प्रविधिमा एकरुपता ल्याईनेछ। प्रत्येक वडाका मुख्य स्थानहरुमा Free Wi-Fi Zone कार्यक्रमको थालनी गरिनेछ।
१४३. गाउँपालिका र सबै वडा कार्यालयहरुमा डिजिटल नोटिस बोर्ड तथा डिजिटल नागरिक वडापत्रहरु राखिनेछ।
१४४. निर्वाचित जनप्रतिनिधि, कर्मचारी, विद्यालय र संघसंस्थाका कर्मचारीहरुलाई डिजिटल साक्षरता (Digital Literacy) अभिबृद्धि अभियानमार्फत व्याप्त Digital Divide न्यूनिकरण गर्नका लागि सूचना प्रविधि सम्बन्धी तालिमका कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ।
१४५. गाउँपालिका केन्द्रमा एक सूचना प्रविधि सेवा केन्द्र स्थापना गरिनेछ। सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन "डिजिटल तामाकोशी कार्यक्रम" सञ्चालन गरिनेछ।
१४६. योजना, राजश्व संकलन तथा वडा र गाउँपालिकाबाट उपलब्ध गराईने सम्पूर्ण सिफारिस सम्बन्धी कामकाजलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन सफ्टवेयरहरुको व्यवस्था गरिनेछ।
१४७. विभिन्न कार्यालयहरु र मुख्य सार्वजनिक स्थल तथा गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरुमा CCTV जडान गरी सुरक्षा निगरानी गर्ने व्यवस्थालाई थप मजबुद गरिनेछ।
१४८. गाउँपालिकामा डाटा सेन्टर स्थापना गर्ने उद्देश्य स्वरुप गाउँपालिकामा केन्द्रिकृत सर्भर (Centralized Server) स्थापना गरी मातहतका सबै कार्यालयहरुलाई सञ्जाल मार्फत जोडी सेवा प्रवाहसँग सम्बन्धित विविध गतिविधिहरुलाई प्रविधिमैत्री बनाईनेछ।
१४९. गाउँपालिकाका सबै कार्यालयहरुमा अनिवार्य विद्युतीय हाजिरी लागु गरिदै लगिनेछ र CCTV जडानलाई निरन्तरता दिदै मर्मत तथा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।
१५०. गाउँपालिका भित्रका सम्पूर्ण सरकारी निकायहरुमा क्षतिपुर्ति सहितको नागरिक वडापत्रलाई दैनिक सेवा प्रवाहमा जोडिनेछ र कार्यालयका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्न समय समयमा आवश्यक तालिमहरु प्रदान गरिनेछ।
१५१. सरकारी, गैर सरकारी, सामाजिक संघसंस्थाहरुको वजेट तथा कार्यक्रमलाई गाउँपालिकाको वार्षिक बजेट, योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण गरी सहकार्य तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**सभाध्यक्ष महोदय,**

**अव म राजश्व संकलन र परिचालन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

१५२. करको दायरा फराकिलो बनाउँदै प्रगतिशील कर प्रणाली मार्फत कर, शुल्क, जरिवाना प्राप्त गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
१५३. राजश्व संकलनमा प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई राजश्व प्रशासनलाई सक्षम, सुदृढ र व्यवसायिक बनाइनेछ।

१५४. आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा जनचेतनाको कार्यक्रम आरम्भ गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अव म सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

१५५. वृद्धबृद्धा, पिडित, असहाय तथा विपन्न महिलाहरुको निमित्त सुरक्षित आवास निर्माण कार्य हरेक वडामा विस्तार गरिनेछ। वडा नं. ४ मालुमा निर्मित ज्येष्ठ नागरिक मिलन केन्द्रलाई सञ्चालनमा ल्याइनेछ। साथै खाली भएका विद्यालय तथा सामुदायिक भवनहरुमा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ।

१५६. लक्षित वर्गको आर्थिक– सामाजिक– सांस्कृतिक रुपान्तरण गर्न आय आर्जन, नेतृत्व विकासका लागि आय आर्जन क्षमता विकास र सशक्तिकरणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१५७. ज्येष्ठ नागरिक तथा विकलाङ्ग नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

१५८. बहुविवाह, दाईजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिति, कुसंस्कार एवं रुढिवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिनेछ।

१५९. महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको घरेलु श्रमको मौद्रिक मुल्यमा मुंल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिनेछ।

१६०. महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक समूदायको लागि लैगिक समानता एवं सामाजिक समावेशीकरण (**Gender Equality and Social Inclusion**) का विशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१६१. लक्षित वर्गको उत्थानका लागि गाउँपालिका स्तरिय लक्षित वर्ग उत्थान समिति गठन गरी आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

१६२. लैंगिक हिंसाको पहिचान तथा यससँग सम्बन्धी मौजुदा कानून ऐन तथा नियमावली बारे जानकारी गराउने अन्तरक्रिया, अभिमुखिकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१६३. लैंगिक हिंसा निवारण कोष सञ्चालनमा ल्याई पीडितलाई आवश्यक राहत सहायता र पुनर्थापनाका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१६४. बाल विवाह अन्त्य गर्ने रणनीतिक योजना अनुरुप कार्यक्रम सञ्चालनमा ल्याई बाल विवाह मुक्त स्थानीय तह घोषणा गरिनेछ।

१६५. बालबालिका माथि हुने सबै किसिमका हिंसा न्यूनिकरण गरी संरक्षण गर्ने कार्यक्रम सञ्चालनमा ल्याई स्थानीय तह सञ्चालन प्रक्रियामा बालबालिकाको उपयुक्त सहभागिता सुनिश्चित गरी बालमैत्री स्थानीय तह प्रोत्साहन कार्य अगाडि बढाइनेछ ।

१६६. अपांगता भएका व्यक्तिलाई समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिई "ग" वर्ग अन्तर्गतका अपांगता भएका व्यक्तिहरुलाई दिइदै आएको सामाजिक सुरक्षा भत्ता वृद्धि गरिनेछ। साथै सबै किसिमका अपांगता भएका व्यक्तिहरुको जीवनयापन सहजीकरणका लागि आवश्यक सामग्री वितरण तथा आयआर्जनमुखि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६७. महिला तथा बालबालिकामाथि घट्न सक्ने सम्भावित हिंसाजन्य घटनालाई प्रतिकार गर्न सक्ने क्षमता अभिवृदि गर्ने अभिप्रायका साथ आत्मरक्षा कार्यक्रमलाई निरन्तरता ल्याइनेछ।

**सभाध्यक्ष महोदय,**

**अव म जोखिम तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

१६८. बहुप्रकोप जोखिम आकलनमा आधारित भई यस सम्बन्धी चेतना अभिवृद्धि गर्दै बहुप्रकोप जोखिम आकलन तथा नक्सांकनका आधारमा विपद् पूर्व तयारि तथा प्रतिकार्यका कार्यक्रम सञ्चालन गरिनेछ ।

१६९. कोभिड – १९ लगायत अन्य विभिन्न प्रकृतिका जोखिम वहन गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।

१७०. विपद जोखिम न्यूनिकरण कोष सञ्चालनमा ल्याई आगामी दिनमा भैपरी आउने विपद तथा अन्य जोखिम सामनाका लागि विपद व्यवस्थापन कोषलाई मजबुत बनाईनेछ ।

१७१. विपद पश्चातको क्षति न्यूनीकरण तथा पुनर्लाभको लागि स्थानीय तहको क्षमता विकास गरी स्थानीय तहसम्म उद्धार एवम् राहत सामग्रीको रणनीतिक मौज्दात (Strategic Storage) कायम राखी भण्डारण तथा वितरण प्रभावकारी बनाइनेछ ।

१७२. जोखिम तथा विपद व्यवस्थापनका लागि गाउँपालिका तथा वडा स्तरमा गठित विपद व्यवस्थापन समितिहरुलाई स्रोत साधनयुक्त बनाई त्यीनिहरुको क्षमता अभिवृद्धि गरिनेछ । प्रत्येक वडामा विपद प्रतिकार्य स्वयंसेवक समिति गठन गरिनेछ ।

१७३. विपद् पूर्व, विपदको समय तथा विपद पश्चातको समयमा धनजनको क्षति कम गर्न, सकेसम्म चाँडो पुनस्थापना गर्न जनचेतना फैलाई आवश्यक संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्नका निमित्त अन्य गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७४. स्थानीय विपद व्यवस्थापन निकायहरु (उपभोक्ता समिति तथा प्राविधिकहरुलाई) सडक निर्माण लगायतका मानवीय गैरप्राकृतिक क्रियाकलापहरुबाट सृजना हुने पहिरो लगायतका जोखिम प्रतिकार्य सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१७५. सम्भावित जोखिमका क्षेत्रमा क्षति कम गर्ने तथा पुनस्थापनाका लागि पालिकामा आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिनेछ । हरेक वडामा आपत्कालिन सुरक्षा केन्द्रहरु क्रमागत रुपमा स्थापना गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म उद्योग तथा वाणिज्य सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१७६. गाउँपालिका भित्र उद्योग धन्दा स्थापना एवं व्यवसाय प्रवर्द्धनको लागि लगानी मैत्री वातावरणको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१७७. लघु उद्यमको स्थापना मार्फत उद्यमशीलताको विकास गर्न उपयुक्त प्रस्तावपत्रको आधारमा लघुउद्यम सहुलियत ऋणको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१७८. उत्पादनमुलक क्षेत्रमा संयुक्त लगानी, सेयर खरिद तथा नयाँ उद्योग स्थापनाका लागि लगानी कोषको स्थापना गरिनेछ ।

१७९. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (**MEDPA**) का लागि पालिकाबाट आवश्यक थप बजेट विनियोजन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म कानून निर्माण तथा न्याय सम्पादन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१८०. कानूनको नजरमा सबै समान हुन्छन् भन्ने सिद्धान्त अनुरुप छिटो कानूनी उपचार तथा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१८१. असहायहरुलाई न्याय दिलाउनका लागि असहाय न्यायकोष मार्फत उपयुक्त व्यवस्था गरिनेछ र न्यायिक समितिको, क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यहरुको थालनी गरिनेछ ।

१८२. प्रत्येक मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ साथै मेलमिलापकर्ताहरुको लागि तालिम तथा खाजा खर्चको व्यवस्था गरिनेछ ।

१८३. आवश्यकताको पहिचान गरी दैनिक कार्य सञ्चालनका लागि उपयुक्त ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु निर्माण गरी लागू गरिनेछ ।

१८४. अशक्त विपन्न महिलाहरुको लागि न्यायमा पहुँच स्थापित गर्ने कोषको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सहकारी तथा संघसंस्था सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१८५. गाउँपालिका भित्रका कृषि सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी सहकारीहरुको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउने नीति अवलम्बन गरिनेछ ।

१८६. सहाकारी संस्था मार्फत हुने अनुदानको मल वितरण कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।

१८७. सहकारी संघसंस्थाहरुको एकीकरणलाई प्रोत्साहन गर्न, सबै सहकारी संस्थाहरुमा COPOMIS प्रणाली अवलम्वन गराइनेछ । कोपोमिस प्रणाली लागु नगर्ने, समयमा साधारणसभा तथा वार्षिक लेखा परीक्षण नगर्ने, मासिक प्रतिवेदन तथा गाउँपालिकाले मागेका अन्य कुनै प्रतिवेदनहरु नबुझाउने र सूचीकृत हुन नआउने संस्थाहरुको विवरण सार्वजनिक गरी गाउँपालिकाबाट हुने कुनैपनि साझेदारी र समन्वयका कार्यक्रममा सहभागी नगर्ने नीति अवलम्बन गरिनेछ ।

१८८. यस गाउँपालिका भित्र कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका सबै सहकारी संस्थाहरुको नियमित र प्रभावकारी अनुगमन मार्फत सहकारी गतिविधिहरुलाई अनिवार्य रुपमा नीति, विधि र प्रविधि अनुसार सञ्चालन गर्न प्रेरित गर्नेगरी कार्यक्रमहरु सञ्चालन गरिनेछ । नियमन अन्तर्गत नआउने संस्थाहरुलाई कार्वाहीको दायरामा ल्याईनेछ ।

१८९. सहकारी संस्थासँग साझेदारी मार्फत मागमा आधारित एक वडा एक कृषि उत्पादन नमुना कार्यक्रमको सुरुवात गरिनेछ ।

१९०. सहकारी संस्थाहरुको व्यवस्थापन र दक्षता अभिवृद्धिका लागि कोपोमिस लगायतका विविध तालिमलाई निरन्तरता दिईनेछ।

१९१. उत्कृष्ट सहकारी अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९२. सहकारी तथा अन्य सामाजिक सामुदायिक संघ संस्थाहरुलाई आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणको धरोहरका रुपमा विकास गरिनेछ ।

१९३. गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुको स्थिति झल्किने स्वेतपत्र जारी गरिनेछ ।

१९४. गाउँपालिका भित्र रहेका अन्य संघ, संस्थाहरुको सवलीकरण नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म ऊर्जा सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

१९५. बायोग्यास तथा सुधारिएको चुलो, विद्युतीय चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जाको प्रवर्द्धन एवम् विस्तार गर्दै दाउराको प्रयोगलाई क्रमशः कम गर्दै लगिने छ ।

१९६. जैविक स्रोतको समुचित व्यवस्थापनबाट ऊर्जा उत्पादन गर्न प्रविधि र प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

१९७. कृषि तथा पशुपन्क्षीको जैविक पदार्थको उपयोग गरी बायोग्यास प्लान्ट प्रवर्द्धनको कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१९८. दिगो एवं अनन्त ऊर्जाको स्रोतको रुपमा रहेको सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई थप व्यवस्थित गर्दै बजार क्षेत्र तथा बाक्लो बस्तीहरुमा सोलार वत्तिको थप व्यवस्था गर्दै लगिनेछ ।

१९९. जीवनको गुणस्तर (Quality of Life) अभिबृद्धि गर्न आवश्यक न्यूनतम ऊर्जाको उपलब्धताको सुनिश्चितता गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

**अव म सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२००. आ.व. २०७८/०७९ देखि सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी र पारदर्शी बनाउनका लागि गाउँपालिकाका सम्पूर्ण लाभग्राहिहरुलाई बैङ्किङ प्रणालीमार्फत भुक्तानी दिने व्यवस्था मिलाइनेछ।

२०१. ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा सामाजिक सुरक्षा भत्ताको सुविधा लिइरहेका व्यक्तिहरुको लगत अद्यावधिक तयार गरी परिचय पत्र वितरणको कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।

२०२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु **Online** प्रणाली मार्फत सञ्चालन गरी समय सापेक्ष चुस्त दुरुस्त बनाउनका लागि जनशक्तिलाई तालिम तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ। सो का लागि आवश्यक मातहतका सम्पूर्ण वडा कार्यालयहरुमा आवश्यक पूर्वाधारको व्यवस्थापन गरिनेछ।

२०३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु सम्बन्धित निकायमा समयमै दर्ता/अद्यावधिक गराउन गाउँपालिका सरहद भित्रका टोलटोलमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म श्रम तथा रोजगारीसम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु।**

२०४. महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आयआर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२०५. कोभिड – १९ को महामारीका कारण भित्रने बेरोजगारहरुको सम्भावित पङ्क्तिलाई पूर्वाधार विकास घरेलु उद्योग, निर्माण तथा सेवा क्षेत्रमा परिचालन गर्ने कार्यक्रमहरु अगाडि बढाइनेछ।

२०६. न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विशेष कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। सोही प्रकृतिको तामाकोशी रोजगार कार्यक्रम पनि सञ्चालनमा ल्याइनेछ।

२०७. स्थानीय महिलाहरुलाई सहकारी तथा गैरसरकारी संस्थामा आबद्ध गराई सीपविकास कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

२०८. गाउँपालिकाको रोजगार सेवा केन्द्रमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुति गर्नका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममुलक आयोजना मार्फत समुदायको विकास सँगै दिगो विकासमा जोड दिइनेछ।

२०९. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाबाट रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सुचना प्रणालीमा दर्ता भएका बेरोजगार युवाहरुलाई श्रममुलक आयोजना मार्फत विकास निर्माणको कामबाट रोजगारी सिर्जना गर्न तर्फ जोड दिइनेछ।

२१०. बेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सिप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गरिनेछ।

२११. गाउँपालिकाको विकास निर्माणको काममा रोजगारदाताहरुलाई रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सुचना प्रणालीमा दर्ता भएका श्रमिकहरुलाई रोजगार प्रदान गर्ने रोजगार दाताहरुसँग सहकार्यमा जोड दिइनेछ।

२१२. रोजगारीको सम्भावनाको अध्ययन, सीपमुलक तालिम नयाँ रोजगारी सिर्जना जस्ता विषयहरुमा विभिन्न गैरसरकारि र निजि क्षेत्र सँग सहकार्य र साझेदारी गरिनेछ।

२१३. विकास निर्माणको काम दिगो बनाऔं श्रममुलक आयोजना मार्फत रोजगारी सिर्जना गरौं भन्ने अवधारणका साथ श्रम र रोजगार कार्यक्रमको सुरुवात गरी हरेक वडाको सडक सरसफाइमा श्रममुलक आयोजनाबाट थप रोजगारी सिर्जना गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म सार्वजनिक प्रशासन सुशासन सञ्चालन सम्बन्धी नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।**

२१४. सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, उत्तरदायी बनाउन नागरिक समाज लगायत बहुसरोकारवालाहरुको निगरानी बढाइनेछ।
२१५. सेवा प्रवाहको प्रभावकारीता मापनका लागि कार्यसम्पादन सूचकको व्यवस्थापन गरी दण्ड र पुरस्कारको उचित र प्रभावकारी व्यवस्था गरिनेछ ।
२१६. सार्वजनिक सेवा प्रवाहमा सदाचारिता अभिवृद्धिका लागि भ्रष्टाचारबिरुद्धको शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
२१७. आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा विशेष योगदान पुर्‍याउने गाउँपालिका भित्रका व्यक्तिहरुलाई सम्मान कार्यक्रम गरिनेछ ।
२१८. यस तामाकोशी गाउँपालिकाको पहिलो निर्वाचित जनप्रतिनिधिहरुद्वारा ५ वर्षे कार्याकालमा सम्पादन गरिएका कार्यहरुलाई अभिलेखिकरण गर्न एक दस्तावेज तथा वृतचित्र निर्माण गरिनेछ ।

अन्त्यमा, ***"तामाकोशी गाउँपालिकाको समृद्धीको आधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, जलश्रोत तथा पूर्वाधार"*** को हाम्रो महान अभियानमा प्रत्यक्ष, अप्रत्यक्ष रुपले साथ र सहयोग गर्नुहुने केन्द्र तथा प्रदेश सरकार, गाउँपालिका परिवार, राजनीतिक दलहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, समाजसेवी तथा वुद्धिजिवीहरु, कर्मचारी लगायत सम्पूर्ण सहयोगी मनहरुलाई हृद्धयदेखि धन्यवाद दिंदै आगामी दिनहरुमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दछु । साथै कोभिड – १९ का कारण उत्पन्न त्रासलाई निराकरण गर्दै ऐक्यबद्धता, आत्मविश्वास र सहकार्यका साथ नयाँ परिस्थितिले सृजना गरेको चुनौतीलाई सामना गरी प्राप्त अवसरलाई उपयोग गर्दै जनजीवनलाई नियमित तुल्याउने कार्यमा सम्बन्धित सबैको समन्वय र सहकार्यको अपेक्षा गर्दछु ।

**तामाकोशी गाउँपालिकाको नवौँ गाउँसभा अधिवेशन (बजेट अधिवेशन) को**
**पहिलो बैठक मितिः २०७८/०३/१० बाट पारित**